राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग
सिंहदरबार, काठमाडौं।

# स्टेसनरी तथा कार्यालय सामान खरिद सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

(सूचना प्रकाशित मिति : २०८२।१०।२१)

यस आयोगका लागि आवश्यक स्टेसनरी तथा कार्यालय सामान आपूर्ति गर्न इच्छुक र इजाजत प्राप्त फर्म/संस्था/कम्पनीहरूले देहाय बमोजिमका सर्तहरूको अधीनमा रही रीतपूर्वकको सिलबन्दी दरभाउपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

१. तपसिल बमोजिमको सिलबन्दी दरभाउपत्र फाराम दस्तुर बुझाएको बैंक भौचर संलग्न राखी यो सूचना प्रकाशित भएको मितिदेखि १५औं दिनको कार्यालय समयभित्र यस आयोगबाट सिलबन्दी दरभाउपत्र फाराम खरिद गर्न सकिनेछ।

| दरभाउपत्र/ ठेक्का नं. | मालसामानको विवरण | आवश्यक सङ्ख्या | सिलबन्दी दरभाउपत्र दस्तुर रु. | सिलबन्दी दरभाउपत्र जमानत रकम रु. | सिलबन्दी दरभाउपत्र दाखिला गर्ने माध्यम |
|---|---|---|---|---|---|
| 1/NNRFC/ 082/83 | Stationery and Office Materials | सिलबन्दी दरभाउपत्र फाराममा संलग्न छ। | रु. १,०००/- | रु. ३७,७३०/- | सिलबन्दी दर्ता |

२. सिलबन्दी दरभाउपत्र दस्तुर निम्नलिखित बैंकमा बुझाई सोको सक्कल भौचर सिलबन्दी दरभाउपत्र फाराम खरिदका लागि पेश गरेको निवेदन साथ संलग्न गर्नुपर्नेछ।

**बैंकको नाम** : राष्ट्रिय वाणिज्य बैंक, सिंहदरबार, काठमाडौं।
**कार्यालयको नाम** : राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग, सिंहदरबार, काठमाडौं।
**कार्यालयको कोड** : २२०००३५०१
**बैंकको खाता नम्बर** : १०००१००२०००१००००
**राजस्व शीर्षक नम्बर** : १४२२९

३. सिलबन्दी दरभाउपत्र जमानत बापत माथि उल्लिखित रकम बराबर यस आयोगको नाममा जारी भएको बिडबन्ड वा कोष तथा लेखा नियन्त्रक कार्यालय सिंहदरवार काठमाडौंको नाममा रहेको धरौटी खाता नं. क.२.३ धरौटी खाता १९६०१००१०२०३०००० (कार्यालयको कोड नं. २२०००३५०१) मा रकम जम्मा गरेको सक्कल भौचर पेश गर्नुपर्नेछ। बिडबन्डको हकमा सिलबन्दी दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिले ७५ (पचहत्तर) दिन सम्मको मान्य अवधि (भ्यालिडिटी पिरियड) भएको हुनुपर्नेछ।

४. दरभाउपत्र फाराम सूचना प्रकाशित भएको मितिले १६औं दिन दिनको १२:०० बजेभित्र यस आयोगमा सिलबन्दी गरी दर्ता गराई सक्नुपर्नेछ।

५. दर्ता हुन आएका सिलबन्दी दरभाउपत्रहरू यो सूचना प्रकाशित भएको मितिले १६औं दिन दिनको १:०० बजे आयोगमा उपस्थित फर्म/कम्पनी र अन्य प्रतिनिधिहरूको रोहवरमा खोलिनेछ। तर, कम्पनीको प्रतिनिधिहरू उपस्थित नभएमा पनि सिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन। सिलबन्दी दरभाउपत्र फाराम खरिद गर्ने र दर्ता गर्ने अन्तिम दिन/ सिलबन्दी दरभाउपत्र खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा सो कार्य भोलिपल्ट कार्यालय खुलेको दिन गरिनेछ।

६. सिलबन्दी दरभाउपत्र दाताको ग्राह्यताको आधार तथा त्यस्तो आधार प्रमाणित गर्न दरभाउपत्र दाताले सिलबन्दी दरभाउपत्र साथ देहायका कागजात पेश गर्नुपर्नेछ।
(क) फर्म/संस्था/कम्पनी दर्ता प्रमाणपत्रको प्रतिलिपि वा व्यवसाय दर्ता प्रमाणपत्रको प्रतिलिपि (ख) मूल्य अभिवृद्धि कर र पान दर्ता प्रमाण पत्रको प्रतिलिपि (ग) दरभाउपत्र दाताले खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको, प्रस्तावित खरिद कारवाहीमा स्वार्थ नवाझिएको र सम्बन्धित पेशा वा व्यवसाय सम्बन्धी कसुरमा आफूले सजाय नपाएको भनी लिखित रूपमा गरेको घोषणाको सक्कल प्रति (घ) आ.व. २०८१।०८२ सम्मको कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि वा कर दाखिला प्रमाणको प्रमाणित प्रतिलिपि वा म्याद थप गरेको पत्र ङ) फर्म/कम्पनीले आधिकारिक रूपमा खरिद कार्य गर्नका लागि प्रतिनिधि नियुक्त **(power of attorney letter)** गरेको सक्कलै पत्र।

७. सिलबन्दी दरभाउपत्र फाराम बुझाउँदा सिलबन्दी गरी खामको वाहिर **"राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको स्टेसनरी तथा कार्यालय सामान खरिद सम्बन्धी दरभाउपत्र २०८२" भनी स्पष्टसँग उल्लेख गर्नुपर्नेछ।**

८. यसै सूचनाको बुँदा-६ बमोजिमका कागजात संलग्न नभएको, विभिन्न सर्तहरू उल्लेख गरेको, सिलबन्दी दरभाउपत्र सम्बन्धी कागजातमा दरभाउपत्र दाताले उल्लेख गर्नुपर्ने विवरणहरू पूर्ण रुपमा उल्लेख नगरेको र सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ बमोजिम रीत नपुगी आएको सिलबन्दी दरभाउपत्रहरू उपर कुनै कारवाही गरिने छैन।

९. सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस आयोगमा निहित रहनेछ। **स्वीकृत सिलबन्दी दरभाउपत्र दाताले दरभाउपत्र फाराममा उल्लिखित सम्पूर्ण सामानहरू सम्झौता भएको मितिले एक महिनाभित्र आपूर्ति गरिसक्नुपर्नेछ।**

१०. माथि उल्लिखित सर्तहरू वाहेक अन्य कुराहरू सिलबन्दी दरभाउपत्र फाराम एवं प्रचलित कानून अनुसार हुनेछ।

११. यस सम्बन्धी थप कुराको जानकारी आवश्यक परेमा कार्यालय समयभित्र आयोगमा सम्पर्क राख्न सकिनेछ।

Scanned with CamScanner